# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, जेष्ठ २१ गते, २०७६ साल (अतिरिक्ताङ्क १३

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश नं १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको राहत वितरण सम्बन्धमा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## विपद् बाट भएको क्षतिको खोज, उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७६

प्रस्तावना: प्राकृतिक र गैरप्राकृतिक विपद्मा परेका सर्वसाधारणको खोज, उद्धार तथा राहत उपलब्ध गराउने कार्यलाई सरलीकृत, पारदर्शी एवं विश्वसनीय बनाउन आवश्यक देखिएकोले प्रदेश सरकारले यो मापदण्ड बनाएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "विपद् खोज उद्धार तथा राहत वितरण सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद् बाट उत्पन्न विपद् सम्झनुपर्छ ।

(ख) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल-विस्फोटन, अतिवृष्टि, अनावृष्टि,

बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विस्फोटन, डढेलो वा यस्तै अन्य प्रकृतिका प्राकृतिक विपद् बाट उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(ग) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(घ) "प्रदेश विपद् व्यवस्थापन परिषद्" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १३ बमोजिम र प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ३ को प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनुपर्छ ।

(ङ) "राहत" भन्नाले प्रदेश सरकारले प्रदान गर्ने नगद वा जिन्सी लगायतका सेवा सुविधा वा वस्तुगत सहायता सम्झनुपर्दछ ।

(च) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवन यापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनुपर्छ ।

(छ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

३. <u>यस मापदण्ड बमोजिम विपद् पीडितलाई राहत प्रदान गर्नुपर्ने:</u> विपद् पीडितलाई राहत प्रदान गर्दा यस मापदण्ड बमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद– २

## विपद् व्यवस्थापनका लागि खोज,उद्धार तथा राहत वितरण

४. <u>राहत वितरण सम्बन्धमा:</u> विपद्बाट देहाय बमोजिमको क्षतिकोलागि आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट वा अन्य निकाय मार्फत प्राप्त भएका मूल्यांकनका आधारमा राहत वितरण समितिको निर्णय बमोजिम राहत उपलब्ध गराइनेछ ।

(क) प्रदेश भित्र प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने नेपाल सरकारले उपलब्ध गराउने राहत सहयोगका अतिरिक्त राहत स्वरुप प्रदेश सरकारको तर्फबाट प्रति परिवार रु.१,००,०००।– (एकलाख) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने । यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय वा उक्त मन्त्रालयले तोकेको निकाय मार्फत उपलब्ध गराउने । यस कार्यको लागि प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले बजेट विनियोजन गर्ने ।

(ख) प्रकोपबाट घर नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भई तत्काल गुजाराकोलागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका

प्रभावित परिवारलाई तोकिए बमोजिम दोहोरो नपर्ने गरी तत्काल आवश्यक व्यवस्थाकोलागी रु.१५,०००।-(पन्ध्र हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने ।

(ग) घटनामा परी खाद्यान्न,लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट नभए तापनि बस्न अयोग्य भई सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रदेश सरकारले तोकिएको व्यवस्था बमोजिम प्रति परिवार रु. १०,०००।-(दश हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग स्थानीय विपद् व्यवस्थापन समिति वा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय गराएर मात्र दिने । साथै विशेष परिस्थिति सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउनु पर्ने देखिएमा स्थानीय, जिल्ला र प्रदेश विपद् व्यवस्थापन समितिले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मा सिफारिस सहित अनुरोध गर्ने ।

(घ) प्रकोपको घटनामा परी घाईते हुनेहरुलाई स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत सरकारी अस्पतालमा उपचार गराउँदा लागेको उपचार खर्च रु.५,०००। (पाँच हजार) सम्म भुक्तानी दिने र अस्पतालबाट घर जान घाइतेलाई प्रतिव्यक्ति रु.१,०००। (एक हजार)यातायात खर्च दिइनेछ ।

(ङ) विपद् प्रभावित क्षेत्रमा विपद् पश्चातको लेखाजोखाका आधारमा राहत सामग्री वितरण गर्दा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिले वितरण गर्ने व्यक्ति एवं संघ संस्थासँगको समन्वयमा एकरुपता कायम हुने र दोहोरो नपर्ने गरी एकद्वार प्रणाली मार्फत राहत उपलब्ध गराउने व्यवस्था गर्ने ।

(च) राहत तथा उद्धार कार्य सञ्चालन गर्नु पर्ने विशेष परिस्थितिमा विविध खर्चको लागि रु. ५,०००। (पाँचहजार) मा नबढाई स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार प्रभावित क्षेत्रको स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिले खर्च गर्न सक्नेछ । यस कार्यकोलागि आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले बजेट विनियोजन गर्ने ।

(छ) विपद् प्रभावित परिवारलाई राहत वितरण गर्दा तोकिएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र गुणस्तरका राहत सामग्री मात्र वितरण गर्ने । मानवीय आत्मसम्मान र उपभोक्ता हित विपरित मापदण्ड र गुणस्तरहीन सामाग्री उपलब्ध नगराउने ।

(ज) विपद् प्रभावित परिवारकालागि दैनिक उपभोग्य र खाद्य सामग्री राहत स्वरुप वितरण गर्दा एकमुष्ट रुपमा परिवारलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद– ३

## विपद् व्यवस्थापन समन्वय तथा सहजिकरण

५. <u>विपद् व्यवस्थापन समन्वय तथा सहजिकरण:</u> विपद्को खोज उद्धार तथा राहत वितरणका लागि निम्नानुसार समन्वय र सहजिकरण गरिनेछ :-

(क) प्रदेश भित्र प्रकोपको समयमा प्रभावित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा जिल्ला विपद् व्यवस्थापन समितिले तत्काल प्रदेश सरकारलाई जानकारी गराई नेपाल सरकार गृह मन्त्रालयमा समेत सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने छ ।

(ख) प्रकोपमा परी खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका सदस्य संख्या समेत खुलेको विवरण घटना हुने वित्तिकै जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिले प्रदेश सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मा पठाउने ।

(ग) प्रभावितहरुलाई राहत वितरण गर्दा स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको स्थानमा सो समिति मार्फत र अन्य ठाउँको हकमा जिल्ला विपद् व्यवस्थापन समिति मार्फत नै राहत सहयोग उपलब्ध गराउने । यसरी राहत वितरण गर्दा सम्भव भए सम्म प्रदेश सभा एवं प्रतिनिधि सभामा प्रतिनिधित्व रहेका सबै दलका प्रतिनिधि समेतलाई आमन्त्रण गरी स्थानीय, जिल्ला तथा प्रदेश विपद् व्यवस्थापन समितको निर्णयको आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने । तत्काल निर्णय गराउन नसकिने अवस्था भएमा जिल्ला

विपद् व्यवस्थापन समितिको स्वीकृतिमा उपलब्ध गराई समितिको बैठकबाट सोको समर्थन गराउनु पर्नेछ ।

(घ) प्रदेशमा प्रकोप प्रभावितहरुलाई पुनर्स्थापना वा पुनर्निर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम वन मन्त्रालय अन्तर्गतको निकायले सहुलियत दरमा काठ उपलब्ध गराउने ।

(ङ) विपद् प्रभावित परिवारका सदस्य मध्ये उपयुक्त वा इच्छुक कुनै एक सदस्यलाई व्यवसायिक वा उद्यमशीलता सम्बन्धी तालिम लिई स्वरोजगार हुन आवश्यक तालिम प्रशिक्षणका लागि जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समितिले निर्णय गरी सम्बन्धित मन्त्रालय वा निकायमा प्रदेश विपद् व्यवस्थापन समिति वा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण मार्फत सिफारिस गर्ने ।

(च) भूकम्प, बाढी,पहिरो,आगलागी,वन डढेलोको कारणबाट व्यक्तिको जिउ ज्यान र धन सम्पत्तिमा क्षति पुगेमा, असिनापानी,हुरी बतास, चट्याङ्ग, शीतलहर, हिमपात, डुवान, हिमपहिरो, खडेरी, ज्वालामुखी विष्फोटन,संक्रामक महामारी, सर्पदंश,औद्योगिक दुर्घटना, राष्ट्रिय वन क्षेत्र वा सुरक्षित क्षेत्रबाट वन्यजन्तु बस्तीमा पसी गरेको क्षतिका साथै यस्तै प्रकृतिका अन्य प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावितहरुलाई राहत सहयोग उपलब्ध गराइने छ ।

(छ) असिना पानी, हुरि बतास, खडेरी आदि प्राकृतिक विपद् र राष्ट्रिय वन क्षेत्र वा सुरक्षित क्षेत्रबाट

वन्यजन्तु खेती बालीमा पसी नोक्सान पुऱ्याएका कारण धेरै बालीनालीको नोक्सानी भएमा सो को यथोचित मूल्यांकन गरी जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित स्थानीय तह, प्रदेश र संघसँग समेत आवश्यकतानुसार समन्वय गरी राहत उपलब्ध गराउने छ ।

(ज) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा सम्बन्धित विषयगत निकायको मूल्यांकन एवं सिफारिस र स्थलगत अनुगमनका आधारमा स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिले घटना भएको ३० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र घटनाको स्थलगत प्रहरी मुचुल्का र वडाको यकिन सिफारिसका आधारमा राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ तर यस मापदण्ड लागू हुनुभन्दा अगाडि पर्न आएका निवेदनको हकमा माथि उल्लेखित समयावधि लागू हुनेछैन

६. <u>सिफारिस सम्बन्धमा:</u> राहत वितरण गर्दा स्थानीय तह वा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस तथा नोक्सान भएको क्षतिको सम्बन्धमा क्षतिको विवरण सहितको सम्बन्धित वडाको प्रतिनिधिको रोहवरमा भएको प्रहरी मुचुल्का संलग्न भएको हुनुपर्नेछ ।

७. <u>बीमा सम्बन्धि व्यवस्था:</u> प्रदेशमा आइपर्न सक्ने प्राकृतिक एवं गैरप्राकृतिक विपद्‌बाट पर्न सक्ने ठूलो आर्थिक जोखिमबाट बच्न पशु चौपाया, बालीनाली, भौतिक संरचना आदिको बीमाको व्यवस्था र सम्भाव्यता हेरी स्थानीय

तहले स्थानीय विपद् व्यवस्थापन समितिमार्फत बीमाको व्यवस्था मिलाउन सक्नेछ ।

८. <u>दोहोरो राहत वितरण नहुने:</u> (१) संघ, प्रदेश र स्थानीय तहबाट राहत उपलब्ध हुने विषयमा सम्भव भएसम्म दोहोरो हुने गरी राहत वितरण गरिने छैन ।

(२) प्रदेश सरकारको राहत वितरण स्थानीय कोषबाट स्थानीय तहले यस मापदण्ड बमोजिम वितरण गर्न प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको पूर्व स्वीकृत लिएर वितरण गरी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयसँग सोधभर्ना माग गर्नुपर्नेछ तर प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले आवश्यक देखेमा मन्त्रालयले वितरण गर्न सक्ने छ ।

## परिच्छेद–४

## राहत वितरण तथा अनुगमन समिति

९. <u>राहत वितरण व्यवस्थापन समितिको गठनः</u> (१) राहत वितरण व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:–

(क) आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्री –अध्यक्ष

(ख) आर्थिक मामिला तथा योजनामन्त्री –सदस्य

(ग) भौतिक पूर्वाधार विकास मन्त्री –सदस्य

(घ) सामाजिक विकास मन्त्री –सदस्य

(ङ) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री –सदस्य

(च) भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री –सदस्य

(छ) प्रदेश सरकारको प्रमुख सचिव –सदस्य

(ज) आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव –सदस्य सचिव

१०. <u>राहत वितरण उप समितिको गठन:</u> (१) राहत वितरण उप समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:–

(क) जिल्ला समन्वय समितिको प्रमुख – अध्यक्ष

(ख) स्थानीय तहको प्रमुख/अध्यक्ष – सदस्य

(ग) वडा अध्यक्ष – सदस्य

(घ) नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाको सभापति – सदस्य

(ङ) उद्योग वाणिज्य संघ, जिल्ला कार्य समितिको प्रमुख – सदस्य

(च) इलाका प्रहरी कार्यालयको प्रमुख – सदस्य

(छ) स्थानीय तहले तोकेको नागरिक समाजको प्रतिनिधि – सदस्य

(ज) स्थानीय तहमा विपद् व्यवस्थापन हेर्ने कर्मचारी –सदस्य सचिव

(२) राहत वितरणका सम्बन्धमा आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट आवश्यकतानुसार अनुगमन गरिनेछ ।

११. <u>राहत उपलब्ध हुने सम्बन्धमा:</u> राहतको लागि सिफारिस हुँदा निवेदन प्राप्त भएको ३५ दिनभित्र सिफारिस गर्नुपर्नेछ ।

१२. <u>वितरण कार्य:</u> राहत वितरण व्यवस्थापन समितिको निर्णय बमोजिम आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयबाट स्थानीय विपद् तथा जिल्ला विपद्

व्यवस्थापन समितिसँग सहकार्य गरी राहत वितरण गर्नुपर्नेछ ।

१३. <u>समिति/उपसमितिको खर्च सम्बन्धि व्यवस्था:</u> समिति वा उपसमितिको बैठक सञ्चालन सम्बन्धमा लाग्ने खर्च आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रायले उपलब्ध गराए बमोजिम हुने छ । तर समिति/उपसमितिले बैठक वापत भत्ता उपलब्ध हुने छैन ।

प्रमाणीकरण मितिः- २०७६/०२/२१

आज्ञाले,
कमल बहादुर थापा
प्रदेश सरकारको नि.सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
Website:- www.p1moial.gov.np